E-mail: dailekhdeo@gmail.com
☎ ०८९-४१०१११

निर्वाचन आयोग नेपाल

# जिल्ला निर्वाचन कार्यालय

दैलेख

प.सं. २०८२/०८३

मितिः २०८२/०६/१०

नेपाल संवतः ११४५ कौलाथ्व चतुर्थी

## सूचना

संवत् २०८२ फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको मिति घोषणा भएपछि स्थगित भएको मतदाता नामावली सङ्कलन कार्य आयोगको निर्णय अनुसार यहि मिति २०८२/०६/१० गते देखि २०८२/०७/३० गते सम्म पुनः सञ्चालन हुने भएको छ। नेपालको संविधानको धारा ८४ को उपधारा ५ मा १८ वर्ष पूरा गरेका बालिग नागरिकले मतदान गर्ने व्यवस्था रहेको छ। १६ वर्ष पूरा गरी नागरिकता प्राप्त गरेका नेपाली नागरिकले मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने र मतदाता नामावलीमा नाम दर्ता भएका मध्ये संवत् २०८२ साल फागुन २० गतेसम्म १८ वर्ष पूरा हुने नेपाली नागरिकले मात्र फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा मतदान गर्न पाउने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ। मतदाता नामावलीमा नाम दर्ता नभएका नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिकहरूले सार्वजनिक विदाको दिन बाहेक विहान ८:०० बजे देखि बेलुकी ६:०० बजेसम्म जिल्ला निर्वाचन कार्यालयमा दर्ता गर्न सकिने व्यवस्था गरिएको छ। आयोगको वेवसाइट https://election.gov.np मा प्रि-रजिष्ट्रेशन प्रणाली (https://applyvr.election.gov.np) बाट आवेदन भरी आवेदन फाराम तथा आवश्यक कागजातहरू सहित जिल्ला निर्वाचन कार्यालयमा जैविक (Biometric) विवरण उपलब्ध गराउनु पर्नेछ। यसका अतिरिक्त ठाउँसारी गर्न सक्ने र नाम तथा अन्य विवरणमा त्रुटि भएमा सच्याउन समेत अनलाइन आवेदन दिन सकिने व्यवस्था गरिएको छ। नाम दर्ता एवं विवरण अद्यावधिक गरी मिति २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा आफ्नो नगारिक अधिकार प्रयोग गर्न जिल्ला निर्वाचन कार्यालय हार्दिक अनुरोध गर्दछ।

<u>अनलाइन प्रणाली मार्फत आवेदन भरी मतदाता नामावलीमा नाम दर्ता गर्न आउँदा ल्याउनु पर्ने आवश्यक कागजातहरूः</u>

१. आवेदन फाराम
२. सक्कल नागरिकता र सोको छाया प्रति
३. नागरिकता भन्दा फरक ठेगानामा दर्ता गर्न बसाइ सराई वा विवाह दर्ता लगायतका अन्य प्रमाणहरूको सक्कल र छायाँ प्रति

नर बहादुर सलामी
जिल्ला निर्वाचन अधिकारी

जिल्ला निर्वाचन अधिकारी

मतदाता नामावलीमा नाम दर्ता गरौं, आफ्नो मताधिकार सुनिश्चित गरौं ।